दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ०९ | बुटवल | २०८१ पौष १९, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Jan 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## सरकारलाई कामको गति बढाउन एमालेको आग्रह

बुटवल । एमाले सचिवालय बैठकले सरकारले गरिरहेको काम पर्याप्त नभएको निष्कर्ष निकालेको छ । केन्द्रीय मुख्यालय च्यासलमा बसेको ४३औं सचिवालय बैठकले सरकारको कामको गति अझ बढाउन सुझाव दिएको छ।

एमाले उप-महासचिव प्रदीप ज्ञवालीका अनुसार, अहिले गरिरहेको काम पर्याप्त छैनन्, सरकारले अझ बढी सक्रियता देखाउनुपर्छ । उनले भने-'दुई वटा दल र अरु पनि मिलेर बनेको शक्तिशाली सरकारले अझ बढी डेलिभरी गर्नुपर्छ भनेर सुझाव दिएका छौं।' यद्यपि सरकारले ६ महिनाको अवधिमा उल्लेख्य काम गरेको निष्कर्ष एमालेले निकालेको छ। 'सरकारले केही महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। तर थुप्रै कामहरु गर्न बाँकी रहेको छ। ती बाँकी कामहरु छिटो सम्पन्न गर्न खासखरी डेलिभरीको पाटोमा, विकास निर्माणको पाटोमा, अर्थतन्त्रलाई अझ लयमा ल्याउने पाटोमा सरकारले अझ बढी ध्यान केन्द्रीत गर्नुपर्छ भन्ने विश्लेषण गरिएको छ।'-ज्ञवालीले भने।

बैठकमा सरकारले ठोस कामहरुबारे पनि छलफल भएको उनले बताए।

» बाँकी ३ पेजमा

## बाल कलाकार सचिनको निधन



बुटवल । बाल कलाकार सचिन परियारको निधन भएको छ। महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार गराइरहेका उनको बिहीबार बिहान निधन भएको अस्पताल प्रशासनले जानकारी दिएको छ। स्वास्थ्यमा समस्या देखिएपछि पुस ६ गते अस्पताल भर्ना गरिएको थियो। उनको केही दिनदेखि आइसीयूमा उपचार भइरहेको थियो। अस्पताल स्रोतका अनुसार 'सिभियर निमोनिया' का कारणले 'पल्मोनरी ह्यामेरेज' हुँदा उनको मृत्यु भएको हो। भाइरल बाल गायकका रूपमा परिचित सचिनले थुप्रै गीत गाएका छन् भने अभिनेता राजेश हमालसँग एक म्युजिक भिडियो अभिनय गरेका छन्।

उनी १३ वर्षका थिए। गुल्मीका सचिन सामाजिक सञ्जालबाट चर्चामा आएका थिए। हास्य शृंखला 'मेरी बास्सै' मा पनि अभिनय गरेका उनको 'रातो रबर एक', 'रुमाल खस्छ कि', 'के छ र हजुर', 'बरको छायाँले' लगायत गीत चर्चित छन्। यसैगरी, बालगायक सचिन परियारको निधनमा प्रधानमन्त्री केपी शर्मा ओलीले दुःख व्यक्त गरेका छन्। सामाजिक सञ्जालमार्फत् बिहीबार उनले श्रद्धाञ्जली व्यक्त गरेका हुन्।

प्रतिभाशाली बालकमाथि पारिवारिक बेमेल र सामाजिक सञ्जालको भाइरल प्रवृत्तिले असर पुऱ्याएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यस घटनाले सामाजिक सम्बन्धका संवेदनशील विषयमा सजग भएर मात्र प्रतिक्रिया दिनुपर्छ भन्ने पाठ सिकाएको बताएका छन्। उनले सचिनको तस्विर पनि सेयर गरेका छन्। प्रधानमन्त्रीको पोस्टमा थुप्रै सामाजिक सञ्जाल प्रयोगकर्ताले प्रतिक्रिया दिइरहेका छन्।

# सहकारी अध्यादेश सच्याउन सहकारी संघको माग

**अध्यादेशका कतिपय बुँदाहरु प्रतिगामी र सहकारी क्षेत्रको विकासको बाधक भएकाले प्रतिस्थापन विधेयकमार्फत् नसच्याए सहकारी क्षेत्र आन्दोलनमा उत्रिन बाध्य हुने संघको चेतावनी छ।**

**टिआर शर्मा**

*बुटवल*




सहकारी ऐन २०७४ लाई विस्थापित गर्न सरकारले अध्यादेशमार्फत् ल्याएको सहकारी अध्यादेश-२०८१ प्रति जिल्ला सहकारी संघ रुपन्देहीले गम्भीर असहमति जनाउँदै सच्याउन माग गरेको छ।

उक्त अध्यादेश नेपालको संविधान (२०७२) ले अर्थतन्त्रको तेस्रो खम्बाको मान्यता दिएको सहकारी क्षेत्रलाई सिध्याउने उद्देश्यका साथ अस्वस्थ प्रतिस्पर्धाका हिमायती बिचौलियार मिटर-व्याजीबाट प्रभावित भई ल्याइएको दाबी गर्दै सच्याउन माग गरेको हो।

संघका अध्यक्ष भिम तुललाचन र महासचिव दामोदर पंगेनीले प्रेस विज्ञप्ति जारी गर्दै ७३ लाखभन्दा बढी सदस्यहरु रहेको सहकारी क्षेत्रको विकासलाई अवरुद्ध गर्ने गरी ल्याइएको अध्यादेशका बुँदाहरु प्रतिस्थापन विधेयकमार्फत् सच्याउन संघीय सांसदहरुको ध्यानाकर्षण गराएका छन्।

सहकारी क्षेत्रको प्रभावकारी नियमन व्यवस्था बनाइ बचतकर्ताको बचत सुरक्षा हुने, नियमानुसार ऋण असुली हुने तथा सहकारीमार्फत् देशमा विद्यमान आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न योगदान गर्न सकिने वातावरण सिर्जना गर्न सहकारी अभियानको तर्फबाट पटक-पटक गरेको अनुरोध विपरीत आएको अध्यादेश नसच्याएसम्म स्वीकार्य नहुने र आन्दोलनमा जान बाध्य हुने विज्ञप्तिमा उल्लेख छ।

स्वैच्छिक तथा खुला सदस्यता सिद्धान्तको विपरीत एक व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थामा सदस्य बन्न नपाउने (दफा ३२ को उपदफा १) व्यवस्थाले नागरिकको मौलिक हक र नैसर्गिक अधिकार हनन् हुने भएकाले सदस्यतामा अंकुश नलगाउन संघको माग छ।

यस्तै बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा २ कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित र बहाल हुन नसक्ने व्यवस्था (दफा ४१ को उपदफा ३) सदस्यको प्रजातान्त्रिक नियन्त्रण सिद्धान्तको विरुद्ध तथा सहकारी क्षेत्रको नेतृत्व विकासलाई अवरुद्ध गर्ने भएकाले नेतृत्व चयन अधिकार सहकारीका सदस्यलाई खुला छाड्नुपर्ने संघको माग छ।

यस्तै बचत तथा ऋणको मुख्य कारोबार गर्ने जिल्लाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थामा १० लाख,एक जिल्लाभन्दा बढी कार्य क्षेत्र भएका सहकारीमा २५ लाखसम्म र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थामा ५० लाखसम्म मात्र बचत गर्न पाउने व्यवस्था (दफा ५२) ले सदस्यले आफ्नो क्षमताअनुसार बचत गर्न पाउने अधिकार हनन् गर्ने तथा प्रतिस्पर्धालाई अवरुद्ध गर्दै बचतमा निजी क्षेत्रको एकाधिकार कायम गर्ने भएकाले यो व्यवस्था हटाउनुपर्ने संघको माग छ। 'यो व्यवस्था सहकारीका लागि घातक छ, यो बैंकहरुलाई मात्रै पोस्ने र सहकारी क्षेत्रलाई कमजोर बनाई माथि उठ्न नदिने उद्देश्यका साथ आएको छ, यो कदापी स्वीकार्य छैन।'-जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष भिम तुलाचनले भने।

यसैगरी सहकारी संस्थाको दर्ता र वर्गीकरण भौगालिक कार्यक्षेत्रको आधारमा संघ, प्रदेश र स्थानीय गरी ३ तहमा वर्गीकरण गर्ने व्यवस्था (दफा २० क) अवैज्ञानिक भएकाले संस्थागत पुँजीको आधारमा वगीकरण गर्नु पर्ने संघको माग छ। यस्तै सहकारी सूचना केन्द्रमा १० लाखभन्दा माथिको कर्जाको मात्र सूचना दिनु पर्ने व्यवस्था (दफा ८३, उपदफा ३) ले सहकारीबाट भएका साना ऋण लगानीको सुरक्षा हुन नसक्ने भएकाले तीन लाख रुपैयाँसम्मको कर्जाको सूचना दिनुपर्ने व्यवस्था गर्न संघले माग गरेको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना, बचत तथा कर्जा सुरक्षण कोषमा सहकारीको आबद्धता, कर्जा सूचना केन्द्रमा सदस्यता, सहकारीको स्थानीय तहमा मात्र दर्ता जस्ता सहकारी अभियानले माग गरेको विषय अध्यादेशमा सम्बोधन भएकोमा संघले स्वागत गरेको छ। 'सहकारीको विकासलाई अवरोध गर्ने सहकारी सिद्धान्त विपरीतका प्रावधान र व्यवस्थाहरु सच्चाई बचतको सुरक्षा, ऋण असुल, उत्पादनमा योगदान गर्न सकिने, सहकारी प्रबर्द्धन कोष परिचालन हुने साथै संविधानले गरेको अपेक्षा बमोजिम वातावरण सिर्जना गर्न प्रतिस्थापन विधेयक मार्फत अध्यादेश नसच्चिएमा सहकारी क्षेत्र आन्दोलनमा उत्रिन बाध्य हुनेछ।'-

संघका महासचिव दामोदर पंगेनीले भने।

लुम्बिनी प्रदेश सहकारी संघका सदस्य भरत भुसालले अध्यादेशका केही प्रावधानहरु प्रतिगामी भएका टिप्पणी गर्दै यसले नेपालमा २ वर्षमा बचत तथा ऋण सहकारीको संख्या ६० प्रतिशत घटाउने बताए।

'सहकारीलाई भूगोलको आधारमा सक्षम र अक्षम देख्ने कुराले सहकारीको आधारभूत मर्म निस्तेज हुन जानेछ, यो सबैभन्दा प्रतिगामी र सहकारीको मर्म विपरीत छ,' भुसालले भने-'सहकारीको चरित्र भनेको समुदायमा आधारित र सदस्य केन्द्रित हुनु पर्छ, कार्यक्षेत्र देशव्यापी वा बहु प्रदेशको आवश्यकता पर्दैन, अपवादमा प्रदेशको सिमानामा रहेको सहकारी छ भने एकभन्दा बढी प्रदेश कार्यक्षेत्र आवश्यक पर्न सक्छ।'

हालको विधेयकले बहु प्रदेशलाई बचत र ऋणको सीमा बढी, तर जिल्ला भित्रका राम्रा सहकारीलाई बचत र ऋणको सीमा अत्यन्त न्यून गरेकाले यो व्यवस्था कुनै पनि अर्थमा समुदायमा आधारित सहकारीलाई विकास गर्ने उद्देश्यले नआएको भुसालले बताए।

रुपन्देहीका १६ पालिकामा एक पालिका कार्यक्षेत्र भएका ७४२, प्रदेश कार्यक्षेत्र भएका २३७ र राष्ट्रियस्तरको कार्यक्षेत्र भएको एक सहकारी संस्था रहेका छन्। संघमा सदस्य भएकाको संख्या ४ सय रहेको जिल्ला सहकारी संघले जनाएको छ।

**यस्ता छन् अध्यादेशका १० व्यवस्था**

१ .सहकारी नियमन प्राधिकरण गठन

अध्यादेशमार्फत् सहकारी सम्बन्धी ऐन संशोधनमार्फत् बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने व्यवस्था गरेको छ।

अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरको बैंक वा वित्तीय संस्था र सहकारीमा १५ वर्षको कार्यानुभव भएको वा नेपाल सरकारको प्रथम श्रेणीको कर्मचारी अध्यक्ष नियुक्त गर्ने गरी, सहकारी हेर्ने मन्त्रालयको सहसचिव, नेपाल राष्ट्र बैंकको कार्यकारीसमेत पाँच सदस्य रहने गरी प्राधिकरण बोर्ड गठनको व्यवस्था छ।

» बाँकी ३ पेजमा

# संघीयता अनुकुल कानुन बनाउन सरकारको पहलकदमी

संघीयता कार्यान्वयन गर्न तत्काल ४० कानुन बन्नुपर्ने निष्कर्ष राष्ट्रिय सभा विधायन समितिले निकालेको छ। कानुन निर्माणमा ढिलाइ हुँदा प्रदेश र स्थानीय तहले अपेक्षित काम गर्न सकेका छैनन्।

बुटवल। संघीय शासन प्रणालीलाई आवश्यक कानुन बन्न नसक्दा तहगत सरकारले अपेक्षित काम गर्न नसकिरहेका बेला सरकारले कानुन निर्माणलाई प्राथमिकता दिएको छ।

संविधान बनेपछि दुई वटा चुनाव भइसकेका छन्। तहगत सरकारले पहिलो कार्यकालको पाँच वर्ष बिताइसकेका छन्। दोस्रो कार्यकालको दुई वर्ष बिताइसकेको छ। प्रदेश र स्थानीय सरकारले काम गर्नका लागि पर्याप्त कानुन संघीय सरकारले नबनाइदिएकाले समस्या भएको बताइरहेका बेला सरकारले कानुन निर्माणलाई गति दिने निष्कर्षमा पुगेको हो।

सत्तारुढ कांग्रेस र एमालेले कानुन निर्माणसहित सरकारको समग्र कामलाई गति दिन तीन कार्यदल बनाउने निर्णय गरेका छन्। विधेयकको अवस्था अध्ययन, कानुनी सुधार र संविधान संशोधनका लागि तीन वटा कार्यदल बनाउने निर्णय भएको छ। कानुन निर्माणसम्बन्धी दुई कार्यदल गठन गरिएको छ भने संविधान संशोधनको गृहकार्य गर्ने कार्यदल भने बनिसकेको छैन।

विधेयकको अवस्था अध्ययन गर्ने गरी दुवै दलबाट प्रमुख सचेतक र नेताहरू सम्मिलित कार्यदल बनाइएको छ। कांग्रेस सहमहामन्त्री जीवन परियार, एमाले सचिव योगेश भट्टराई, कांग्रेस प्रमुख सचेतक श्याम घिमिरे र एमाले प्रमुख सचेतक महेश बर्तौला रहेको विधेयक अध्ययन कार्यदल बनेको छ।

व्यवसायिक वातावरण निर्माण, लगानी सहजीकरण, सेवा प्रवाहमा सहजता ल्याउनेगरी कानुनी अड्चन फुकाउने सुझाव दिने गरी तेस्रो कार्यदल बनेको छ। उक्त कार्यदलमा कांग्रेसबाट अधिवक्ता सेमन्त दाहाल, योजना विज्ञ प्रताप पौडेल र वरिष्ठ अधिवक्ता अरुण पौडेल छन्।

एमालेले कार्यदलमा पूर्वमुख्यसचिव लीला गड्तौला, गण्डकीका पूर्वमुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरे र वरिष्ठ अधिवक्ता केदार कोइरालालाई तोकेको छ।

कानुनी सुधारका लागि १० पुसमा बनेको कार्यदलले काम थालिसकेको छ। कार्यदलको बैठक दिनहुँ जसो बसेर कामलाई गति दिएको छ। कार्यदलको बैठकको संयोजन प्रधानमन्त्री कार्यालयले गरिरहेको छ।

संघीयता अनुकूल नभएका कानुन, संघीयता अनुसार बन्न नसकेका कानुन र त्यससँग सम्बन्धित रहेर भएका अध्ययन भएका विषयको अवस्था कुन रुपमा छ भनी कार्यदलले खोजबिन गरिरहेको छ।

सेवा प्रवाह प्रभावकारी, सुशासन र छिटो सेवा प्रवाह गर्नका लागि असान्दर्भिक रहेका कानुनहरुमा सुधारका लागि कार्यदलमा छलफल भएको छ। असान्दर्भिक भएका कानुनको पहिचान गर्ने, ऐन र कार्यविधिमा तादाम्यताको समस्या, ऐनअनुसार नबेनका कार्यविधि पत्ता लगाउने, कार्यविधिमा कार्यान्वयनको समस्या पहिचान गर्ने लगायतका कार्यमा कार्यदलले काम गरिरहेको छ। दोहोरो कानुन, एउटा कानुनसँग अर्को कानुनसँग बाँझिने समस्या लगायतको कार्यदलले पहिचान गर्नेछ।

कानुनी समस्याले सरकारी काम कारबाहीमा भइरहेको बिलम्ब हटाउन तत्काल संशोधन गर्नुपर्ने कानुनका बारेमा कार्यदलले सरकारलाई सुझाव दिनेछ। सेवा प्रवाहलाई चुस्त बनाउन आवश्यक नयाँ कानुन बनाउनुपर्ने भए त्यसका लागि समेत सरकारलाई कार्यदलले सुझाव दिने भएको छ।

सेवा प्रवाह एवं सुशासनका प्रवाहमा कानुनी रुपमा रहेका समस्या र निराकरणका लागि तत्काल गर्नुपर्ने कार्यलाई प्राथमिकीकरण गरेर कार्यदलले सरकारलाई सुझाव दिनेछ।

व्यवसायिक वातावरण निर्माण, लगानी सहजीकरण, सेवा प्रवाह प्रदान गर्न कानुनी समस्यामा मन्त्रालयले पहिचान गरेका समस्यामा कार्यदलले सम्बन्धित निकायसँग छलफल गर्ने भएको छ।

कानुनी जटिलता, सेवा प्रवाहमा समस्यालगायतमा सरकारी र गैर सरकारी निकायहरुले गरेका अध्ययनहरु समेत कार्यदलले हेर्नेछ। मन्त्रालयहरूले कानुनी सुधारका लागि भइरहेको कार्यमा कार्यदलले छलफल गर्ने भएको छ।

राष्ट्रिय सभा विधायन समितिले संघीयता कार्यान्वयनका लागि तत्काल ४० वटा कानुन आवश्यक पर्ने निष्कर्ष निकाल्दै सरकारको ध्यानाकर्षण गराएको छ। समितिले कानुन निर्माणका लागि प्राथमिकता दिन आग्रह गर्दै प्रधानमन्त्री केपी ओलीलाई भेट गरी ध्यानाकर्षण गराएको छ।

**फोकल पर्सन तोक्ने**

विधेयक, कानुन निर्माण सहजीकरण कार्यदलले समितिमा विचाराधीन विधेयकलाई छिटो पारित गर्न फोकल पर्सन तोक्ने निर्णय गरेको छ।

बिहीबार सिंहदरबारमा बसेको विधेयक कानुन निर्माण सहजीकरण कार्यदलले सो निर्णय गरेका नेकपा एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौलाले जानकारी दिए।

उनले भने-'विधेयकका बारेमा उठेको कतिपय अन्तरवस्तुका बारेमा समीक्षा गऱ्यौं। दुवै दलले संसदको ६ वटा समितिहरूमा विधेयकहरू छन्, अर्थ समितिमा ५, राज्य व्यवस्थामा ४, शिक्षा २ वटा, पूर्वाधारमा २ वटा, कानुनमा एउटा र उद्योगसँग सम्बन्धित समितिमा एउटा छ।'

उनका अनुसार फोकल पर्सन विषयगत रुपमा जिम्मेवारी दिएका व्यक्तिसहितको बैठक २४ पुसमा बस्ने गरी तय भएको छ। संसदीय काम र प्रक्रिया हरेक सांसदको पहिलो काम भएकाले सोहीअनुसार लाग्न सांसदहरूसँग आग्रह गरिएको उनको भनाइ छ।



## सम्पादकीय

# आन्दोलन होइन, सहमति गर

यो बेला विकास निर्माणको मुख्य समय हो । पुँजीगत खर्च बढाएर विकासको प्रतिफल दिनका लागि सरकारले बजेट खर्चका लागि सरकारले ध्यान दिइरहेका बेला निर्माण व्यवसायीले आन्दोलनको तयारी गरेका छन् । बजेट खर्च गर्ने समयमा आन्दोलनको तयारी गर्नु पुँजीगत खर्चका लागि तगारो हाल्नु हो ।

मुलुक दुई वर्षयता आर्थिक मन्दीमा परेको छ । आर्थिक मन्दीले मुलुकको अर्थतन्त्रको चक्र बिथोलिएको छ । अर्थतन्त्रको चक्र बिथोलिंदा मुलुकमा निराशा बढेको छ । समाजमा बढ्दो निराशालाई चिरेर अर्थतन्त्रलाई सही बाटोमा ल्याउन सरकार अग्रसर छ । अर्थतन्त्रमा देखिएका समस्या पहिचान गर्न सरकारले पूर्व अर्थसचिव रामेश्वर खनालको संयोजकत्वमा कार्यदल बनाएर काम गरिरहेको छ । सरकारले अर्थतन्त्र सुधारका लागि काम गरिरहेको बेला सबैले सरकारलाई सघाउ पुऱ्याउन प्राथमिकता दिनु जिम्मेवारी हो ।

त्यसो त व्यवसायीका आफ्नै समस्या छन् । उनीहरु सरकारले असहयोग गरेकोले समस्या भएको बताएका छन् । व्यवसायीले सरकारप्रति राख्ने गरेका कतिपय गुनासा जायज पनि छन् । निर्माण व्यवसायीले लामो समयदेखि काम गरेको भुक्तानी पाउन सकेका छैनन् । सरकारले बेलैमा काम नगर्ने व्यवसायीलाई कालोसूचीमा राख्दै आएको छ । तर भुक्तानी लामो समयदेखि रोकेर व्यवसायी मारमा पर्दा मौन बस्नु सरकारको पनि गैरजिम्मेवार क्रियाकलाप हो ।

सिमेण्ट, डण्डीलगायत निर्माण सामग्रीको मूल्य मनपरी बढिरहेकोले व्यवसायीले काम गर्न सक्ने वातावरण बिथोलिएको हो । व्यवसायीले प्रधानमन्त्रीसहित विकासे मन्त्रालयका मन्त्रीलाई भेटेर समस्याबारे जानकारी गराइसकेका छन् ।

सरकारले व्यवसायीका जायज माग पूरा गर्न तालिका बनाएर काम गर्नुपर्छ । सरकारले तालिकाअनुसार माग पूरा गर्छ भन्ने विश्वास दिलाउन सक्नुपर्छ । आन्दोलन गरेर पुँजीगत खर्च हुन रोक्दा व्यवसायीलाई नै मार पर्छ नै, मुलुकले पनि मूल्य चुकाउनुपर्नेछ । मुलुकको आर्थिक अवस्था जर्जर भएका बेला सरकारको सहयोगी बन्ने र जायज माग पूरा गराउन लाग्नु नै उत्तम हो ।

निर्माण व्यवसायी महासंघले आन्दोलनको तयारी होइन्, सरकारसँग सघन छलफलमा बस्नुपर्छ । व्यवसायीलाई आन्दोलनमा जान बाध्य पार्ने गतिविधि रोकेर उनीहरुका जायज माग पूरा गर्ने विश्वास सरकारले पनि दिनसक्नुपर्छ । निर्माण व्यवसायी र सरकारबिचको अविश्वासले मुलुकमा लयमा जान लागेको अर्थतन्त्रलाई पुनः बिथोल्न सक्छ ।

# साम्राज्यवाद, विस्तारवाद र प्रभुत्ववाद–मूर्दावाद !



विन बहादुर कुँवर

*भारत जाँदा चीन चिडिने चीन जाँदा भारत चिडिने भन्नेहरु आखिर अहिले चीन–भारत मिली नेपालको राष्ट्रियता र स्वाभिमान कुलिच्दा यी सबै दलाल तै चुप मै चुप । तै पनि आम देशभक्त र स्वाभिमान नेपालीहरु यसको विरुद्धमा छन् । चाहे भारत चाहे चीन वा चाहे अरु जो कुनै होस् जसजसले नेपालको राष्ट्रियता र स्वाभिमानप्रति हस्तक्षेप र खेलवाड गर्छन् ती सबैका विरुद्ध सबै नेपाली एक भई संघर्ष गरौं ।*

एउटा भनाइ छ- 'हात्ती आपसमा लडे पनि वा मिले पनि रुख बिरुवाकै बढी खति' ठीक यो भनाइ विश्व साम्रराज्यवादी वा विस्तारवादी राष्ट्रहरुबिचको द्वन्द्व वा मिलेमोतोमा देखिन थालेको छ । विश्वका थुप्रै साना विकासोन्मुख नव औपनिवेशिक मुलुकहरुमा पनि यो देखिने गरेको छ । यसको ताजा उदाहरण युक्रेन छ । अमेरिकी साम्रराज्यवादको उक्साहट र रुसी साम्रराज्यवादको हस्तक्षेपले युक्रेन र युक्रेनी जनता अहिले यस्तै द्वन्द्वको चपेटामा पिल्सिरहेका छन् । अर्को उदाहरण अफगानिस्तान छ । अफगानिस्तान लामो समयदेखि रुसी र अमेरिकी हस्तक्षेप र दमनमा जकडिरह्यो । हालै मात्र रुस–अमेरिका अफगानिस्तानबाट भगाइएका छन् । यस्तै स्थिति हालै सिरियामा देखिदै छ । इजाइली साम्रराज्यवादको हस्तक्षेप र आक्रमणबाट हजारौं प्लेस्टाइनी जनताको हताहत भइरहेको छ र सिंगो अरब मुलुक यस्तै साम्रराज्यवादी हस्तक्षेप र दमनबाट आक्रान्त छन् । हाम्रै दक्षिण एसियाली मुलुक बंगलादेश श्रीलंका र पाकिस्तानमा समेत यस्तै घटना बढ्दो चलखेल छ भने अर्कोतिर भारतीय विस्तार र चिनियाँ प्रभुत्ववादको पनि बढ्दो सक्रियताले यो क्षेत्रका प्रायः सबै मुलुकहरु एकपछि अर्को रुपमा यस्तो विश्व अन्तर साम्रराज्यवादी हस्तक्षेप र चेपुवामा पारिंदै छन् । स्वयं हाम्रो देश नेपाल पनि यसबाट पीडित हुँदै आएको छ ।

एकातिर अमेरिकी एमसीसी परियोजना लागू गराइदै छ भने अर्कोतिर त्यस्तै चिनियाँ बि.आर.आई. परियोजना पनि यहाँ लागू हुने भएको छ । यी दुवैमा भारतीय विस्तारवाद असहमत देखिदै आएको छ । यसभन्दा पहिले भारत अनि बढी अमेरिकासँग निकट र चीनसँग अलि बढी आक्रमक हुँदै आएको थियो । बेला बखत चीन–भारत सीमा विवादलाई लिएर झडप पनि हुने गरेको थियो । तर युक्रेन द्वन्द्व पछि भारत अमेरिकी फेवरतिर भन्दा रुसी फेवरतिर अलि बढी ढल्किन पुग्यो । अझ अहिले बंगलादेशको घटनापछि त भारत अमेरिकासँग बढी ससंकित देखिन थालेको छ । विक राष्ट्र (रुस–चीन–भारत, ब्राजिल र दक्षिण अफ्रिका) बीचको एकता र सहकार्यले भारत अमेरिकी पोल्टाबाट रुस–चीन निकट देखिन थालेको छ ।

भारत यसभन्दा पहिले चीन–अमेरिकाबीच द्वन्द्व बढाएर यो क्षेत्रको प्रभावलाई यथावत राख्दै आफ्नो क्षेत्रीय प्रभुत्वलाई अझ बढवा गराउन चाहान्छौं । त्यही भएर नेपालमा चिनियाँ बि.आर. आइ.को बदलामा एमसीसी अमेरिकी साम्रराज्यवादी परियोजना भित्रिदा पनि चुप लागि बस्यो । तर बंगलादेशको घटनाबाट भने भारत अमेरिकासँग अलि बढी ससंकित भएको छ । बंगलादेशलाई आधार बनाए भारतीय भूभाग समेतलाई अलग्याउने अमेरिकी षड्यन्त्र जसको खुलासा बंगलादेशको अपदस्त प्रधानमन्त्री शेख हसिनाले गरे पछि भारत अमेरिकासँग अलि बढी संसकित देखिन थालेको छ । धार्मिक, जातीय र क्षेत्रीयतालाई भड्काएर आफ्नो प्रभुत्व र साम्रराज्यको आधार तयार पार्नु अमेरिकी साम्रराज्यवादको रणनीति नै हो ।

त्यस्तै फेरि भारत, चिनियाँ प्रभावबाट पनि घेरिदैछ । पाकिस्तान श्रीलंका, मालदिप विस्तारै बंगलादेशमा समेत चिनियाँ बि.आर.आइ. मार्फत् भइरहेको बढ्दो आर्थिक लगानी र यसको प्रभावबाट भारत यो क्षेत्रबाट एक्लिदै जान थालेको अवस्था देखिंदैछ । हालै मात्र नेपाल समेत बि.आर.आइ. परियोजनामा गाँसिएपछि झन भारत अत्तालिन स्वाभाविक नै छ । यही मौकामा चौक पार्ने दाउमा चीन थियो । नभन्दै रुसी मध्यस्तरमा चीन–भारतबिच केही मिलान सहमति हुन थालेको छ । पहिले चीन–भारतबिच सिमामा भइरहने दोहोरो सशस्त्र झडप र द्वन्द्व नगर्ने सहमति भएको छ । त्यस्तै दुई पक्षीय व्यापार आदानप्रदान त पहिलेदेखि नै हुँदै आएको थियो । अहिले चीन–भारतबीच नेपाली भूमि कालापानी, लिपुलेक हुँदै मानसरोवरसम्म धार्मिक तीर्थ पर्यटन गर्ने सहमति हालै मात्र भएको समाचार बाहिर आएको छ । यही गत डिसेम्बर २८ अर्थात् पौष ३ गते भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र चिनियाँ विदेश मन्त्री वाङबिच कैलाश मानसरोवर यात्रा साथै अन्य व्यापार आदानप्रदान गर्ने सहमति सम्झौता भएको छ ।

यसरी चीन–भारतबिच दुई पक्षीय आपसी सम्बन्ध फराकिलो हुँदै जान थालेको छ । यो राम्रो कुरा हो । एसियाली अझ नेपालका निकट छिमेकी मुलकबीचको यो सम्बन्धले निश्चिय नै विश्व जगत्लाई राम्रै प्रभाव पार्ने देखिन्छ । खासगरी अमेरिकी साम्रराज्यवादलाई एक्लाउने र यसको बढ्दो प्रभावलाई निस्तेज पार्ने यो प्रयत्न सकारात्मक नै छ । तर भारत यो क्षेत्रको अर्को हकैमवादी एक प्रकारले साम्रराज्यवादी नै मुलुक हो । यो भारतीय हस्तक्षेपमा यो क्षेत्रका प्रायः सबै मुलुक पीडित हुँदै आएका छन् । पाकिस्तानसित त पटक–पटक युद्ध नै भई आएको छ । त्यस्तै मालदिप, श्रीलंका,बगलादेशमा भारतीय हस्तक्षेप हुने गरेको छ । भुटान त उसैको औपनिवेशिकतामा नै रहँदै आएको छ । नेपालको त कुरै नगरौं, भारतीय हस्तक्षेप मात्रै होइन अतिक्रमणमा नै पर्दै आएको छ । नेपालको सीमा अतिक्रमण भारतीय विस्तारवादको पुरानै विरासद हो । अंग्रेजी साम्रराज्यवादकै विरासदलाई आज पनि भारतले नेपालमा यथावत राख्दै आएको छ ।

यसको अलवा नेपाल–अंग्रेजबीचको सुगौली सन्धि अनुरुप प्राप्त नेपालको ठूलो भू–भाग अहिले पनि भारतीय अतिक्रमित नै छ । त्यो मध्येको एउटा पश्चिम नेपालको लिपुलेक, कालापानी र लिम्पियाधुरा भारतीय अतिक्रमित भूभाग हो । यसको बारेमा पटकपटक कुरा उठिरहेका छन् । तर भारतले एक पछि अर्को रुपमा त्यो भू–भागलाई जबर्जस्त हड्प्दै आएको छ । कालापानीमा भारतीय फौजी व्यारेक नै स्थापित गरेको छ । एकतर्फी रुपमा त्यहाँ स्थायी सडक सञ्जाल विस्तार गरिरहेको छ । हुँदाहुँदा पछि त उक्त त्यो सम्पूर्ण भू–भागलाई भारतले आफ्नै नक्सामा गाभी नयाँ भारतीय नक्सा अघि सारेको छ । अनेक गर्दा पनि भारतले यो नसुनेपछि नेपालले पनि यसको विकल्पमा नयाँ चुच्चे नक्सा जारी त गरेको छ । तर भारतले त्यसलाई बेवास्ता गर्दै एकपछि अर्को रुपमा त्यहाँ भारतीय अतिक्रमणलाई मजबुत बनाइरहेको छ ।

हालै मात्र भारतले त्यही भू–भागबाट नेपाललाई कुनै जानकारी नै नदिई चीनसँग मानसरोवर धार्मिक तीर्थस्थल जाने सहमति गरेको छ । केही वर्ष पहिले त्यही बाटोबाट चीन–भारत व्यापार आदानप्रदान गर्ने समझदारी पनि गरिएको थियो । त्यो बेला भारत–चीन दुवैको विरोध भएको थियो । नेपालको चुच्चे नक्साको पनि जानकारी दिँदै नेपालले त्यसको विरोध गर्दै आएको छ । तर अहिले फेरि त्यही काम चीन–भारत दुवलै देशले गरेका छन् । भारतले त पहिलेदेखि नै नेपालको त्यो स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डतालाई चुनौती नै दिँदै आइरहेको छ । त्यसलाई अब चीनले पनि स्वीकार्न थालेको छ । जुन हालै चीन–भारतबिच भएको त्यो दुई पक्षीय समझदारीबाट हुने देखिन्छ । चीनलाई पहिलेदेखि नै थाहा छ त्यो भू–भाग नेपालकै हो । तर अहिले चीन पनि भारतलाई नचिडाउने र आफू निकट पार्ने उद्देश्यका साथ त्यसप्रति आँखा चिम्लिन थालेको छ । अन्ततः चीनले पनि आफ्नो प्रभुत्ववादी शक्ति विस्तारका लागि आफ्ना छिमेकी साना मुलुकहरुको राष्ट्रिय स्वाभिमान र स्वतन्त्रतामाथि खेलवाड वा बेवास्ता गर्दैछ । प्रभुत्ववादको विकसित रुप साम्रराज्यवाद नै हो । अब चीन पनि विस्तारै साम्रराज्यवादयतिर अग्रसर हुँदैछ । त्यही भएर माथि भने जस्तै दुई ठूला हात्ती लडे पनि वा मिले पनि जंगलका रुख बिरुवाकै क्षति । यो आज हाम्रो देशको लागि चीन र भारतबिचको एकता वा द्वन्द्व दुवैबाट पुष्टि हुँदैछ ।

तर के गर्ने नेपालकै राष्ट्रघाती दलाल शासकहरु सबै यस्तै छन् । चीन भ्रमण गर्दा भारतीय कार्ड भन्ने प्रचण्ड । फेरि भारतले तपाईं भनुस कि नभनुस आफैं मपाई भन्दै जसरी भए पनि भारत भ्रमण गर्नै पर्ने ओली अडान । त्यस्तै चीन भ्रमणलाई ठूलो उपलब्धि ठान्ने ओली कार्ड सबै यसबाट असफल । चीन जाँदा चीनको दलाली अनि भारत जाँदा भारतको दलाली र चाकडी । यो चीनलाई पनि थाहा छ र भारतलाई पनि । भारत जाँदा चीन चिडिने चीन जाँदा भारत चिडिने भन्नेहरु आखिर अहिले चीन–भारत मिली नेपालको राष्ट्रियता र स्वाभिमान कुलिच्दा यी सबै दलाल तै चुप मै चुप । तैपनि आम देशभक्त र स्वाभिमान नेपालीहरु यसको विरुद्धमा छन् । चाहे भारत चाहे चीन वा चाहे अरु जो कुनै होस् जसजसले नेपालको राष्ट्रियता र स्वाभिमानप्रति हस्तक्षेप र खेलवाड गर्छन् ती सबैका विरुद्ध सबै नेपाली एक भई संघर्ष गरौं । साम्रराज्यवाद, विस्तारवाद र प्रभुत्ववाद अनि राष्ट्रघाती, दलाल सबै–मूर्दावाद । देशको राष्ट्रियता र स्वाभिमान जिन्दावाद ।

# नेप्से ४.६३ अंकले बढ्यो



काठमाडौँ । बिहीबार सेयर बजार परिसूचक (नेप्से) ४.६३ अंकले बढेको छ । सामान्य अंकले बढ्दा नेप्से २५८६.२३ बिन्दुममा पुगेको हो ।

बिहीबार ४ अर्ब ६० करोड ३२ लाख ८२ हजार रुपैयाँ बराबरको कारोबार भएको छ । १०,०८६,७०५ कम्पनीको सेयर खरिद बिक्री भएको छ ।

बुधबार कुल ३०५ कम्पनीको ९४ करोड ३४ लाख कित्ता सेयर खरिदबिक्री हुँदा ३ अर्ब ५९ करोड ७४ लाख रुपैयाँको कारोबार भएको थियो ।

बिहीबार १५६ कम्पनीको सेयर बढेको छ भने ७७ कम्पनीको सेयर घटेको छ । ११ वटा कम्पनीको सेयर स्थिर रहेको छ ।

न्यादी हाड्रोपावर कम्पनीको मूल्यमा सकारात्मक सर्किट लागेको छ । यसको मूल्य १० प्रतिशतले उकालो लागेको छ ।

यसैगरी विकास बैंकको सेयर सबैभन्दा कारोबार बढेको छ । विकास बैंकको परिसूचक २.४० प्रतिशतले बढेको हो ।


## Madhyabindu Municipality
## Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)
Gandaki Province, Nepal

## Invitation for Bid

First Date of publication: 2024-11-28
Second Date of publication: 2025-01-03

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods Itemsand intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Goods work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount With outVAT | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 4/NCB/MB/ GOODS/ 2081/82 | Procurement Of Combine Harvester with Trailer | NCB- GOODS | 3805309.73 | 3000/- | 1,00,000.00 | 90 days/120 days after bid opening | 2025-1-19 12.00 | 2025-1-19 14.00 |

Chief Administrative Officer

# सकियो बुटवलको औद्योगिक व्यापार मेला

बुटवल । बुटवलमा सञ्चालित औद्योगिक व्यापार मेला सकिएको छ । 'लगानी लुम्बिनीमा : समृद्धि देशमा' भन्ने नारासहित बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजना तथा बुटवल उपमहानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल बुटवल मण्डपमा यहि पुसको ३ गतेदेखि सञ्चालन गरिएको औद्योगिक व्यापार मेला बिहीबार सकिएको हो ।

१६ दिनसम्म सञ्चालन गरिएको मेलामा ४ लाखभन्दा बढी दर्शकले अवलोकन गरेको र मेला भित्रका स्टलमा सरदर २५ करोड रुपैयाँ बराबरको कारोबार भएको आँकलन गरिएको बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले जानकारी दिए । 'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने मुल नारासहित आयोजना गरिएको मेलामा ५ सय स्टल सहभागी थिए ।

मेलाको समापन कार्यक्रममा बोल्दै पूर्वगृहमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँणले मुलुकको विकासको लागि औद्योगिक विकास र पलायन भइरहेको युवा जनशक्तिलाई स्वदेशमै रोक्ने गरी कार्यक्रम ल्याउन सरकारलाई आग्रह गरे । उनले युवा जनशक्तिको पलायनसँगै सीप र दक्षता पनि पलायन भइरहेको बताउँदै युवा जनशक्तिलाई रोक्न सकिएन भने देश पछाडी पर्ने भएकाले विदेशमा जस्तै काम गर्दै पढ्दै गर्ने परम्परा विकास गर्नुपर्ने भनाइ राखेका थिए ।

बुटवलको मोतीपुर औद्योगिक क्षेत्र बुटवल उद्योग वाणिज्य संघको पहलमा अगाडि बढेको बताउँदै जतिसक्दो चाँडो निर्माण गर्नुपर्नेमा उनले जोड दिए । यसको निर्माणले यस क्षेत्रको औद्योगिक विकास र प्रदेशको आर्थिक राजधानी बनाउन योगदान पुग्ने विश्वास उनले व्यक्त गरे । त्यसैगरी प्रदेशको राजधानी सार्दा बुटवललाई आर्थिक र राजधानी बनाउने प्रदेश सरकारको योजना योजनामै सीमित रहेको बताउँदै उनले त्यसअनुसारका कार्यक्रम ल्याउन पनि प्रदेश सरकारलाई आग्रह गरे । उनले प्रदेशको राजधानी बुटवलमा राख्दा आफ्ना भौतिक पूर्वाधार सहयोग गरेको बुटवल उद्योग वाणिज्य संघको भवन राजधानी छोड्दा अस्तव्यस्त छाडेको कुराले आफूलाई दुःख लागेको बताउँदै उनले तत्कालै उक्त भवनको मर्मतसम्भारको भुक्तानी दिनका लागि पनि प्रदेश सरकारलाई आग्रह गरे ।

मेला समापन कार्यक्रममा जिल्ला समन्वय समिति रुपन्देहीका अध्यक्ष उमाकान्त चपाईं, बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, मेला मूल्यांकन समितिका संयोजक, बुटवल उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजू, संघका पूर्वअध्यक्ष जीवनप्रसाद वझा, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश उपाध्यक्ष कुलप्रसाद न्यौपाने, नेपाल चेम्बर अफ कमर्सका लुम्बिनी प्रदेश अध्यक्ष टंकप्रसाद पोखरेल, राष्ट्रिय वाणिज्य बैंकका गणेशप्रसाद पौडेल, संघका वरिष्ठ उपाध्यक्ष तथा मेला कार्यसम्पादन समितिका सहसंयोजक टंकप्रसाद गैरे, महासचिव तथा मेलाका सदस्य सचिव मुक्तिप्रसाद अधिकारीलगायतले मेलामा दर्शकको उत्साहपूर्ण सहभागिताले स्टल धनीहरुलाई सन्तुष्टी मिलेको बताउँदै यसले आयोजकलाई पनि आत्मसम्मान प्राप्त हुने भनाइ राखेका थिए ।

२०४१ सालमा उपत्यका बाहिर पहिलो पटक बुटवलमा औद्योगिक प्रदर्शनी गरेको बुटवल उद्योग वाणिज्य संघले गरेको यो मेला २४औं संस्करणको औद्योगिक व्यापार मेला हो । बुटवलमा आयोजना हुने मेला तथा महोत्सवको विशिष्ट पहिचानलाई व्यापकता दिन र यस क्षेत्रमा उद्यमशीलता विकासको माध्यमबाट नयाँ औद्योगिक लगानी र व्यवसायिक क्षेत्रहरुको खोजी गरी रोजगारीका अवसरहरु सिर्जना गर्न अझ परिस्कृत रुपमा मेला आयोजना गरिएको आयोजक बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले बताए । उनले सिथिल अर्थतन्त्रका कारण ठूलो चुनौतीका बिच गरिएको मेलाको सफलताले धेरै खुसी मिलेको भनाइ राखेका थिए ।

औद्योगिक उत्पादनको प्रवर्द्धन, कृषि, पर्यटनको प्रवर्द्धन तथा व्यबसायिकरणका लागि विशेष महत्वका साथ आयोजना गरिएको औद्योगिक व्यापार मेलामा कृषि, सेवा, हस्तकला, ईलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स, ब्यूटि, गार्मेन्ट, जुत्ता, एफएमसिजी (फूड एण्ड वेभरेज), अटोमोबाइल्स र होटलको छुट्टा छुट्टै १० वटा पेभिलिनमा ५ सय स्टल थिए ।

त्यसैगरी मेला अवधिमा छुट्टाछुट्टै शिर्षकमा दुईवटा गोष्ठि तथा सेमिनार गरिएको थियो । जीतगढी किल्लाको आकृतिमा निर्माण गरिएको स्टेज, स्टलको आकर्षक लेआउट र बालउद्यानमा राखिएको फिस टनेल मेलाका आकर्षकको रुपमा रहेका थिए । मेलामा औद्योगिक प्रदर्शनी, हस्तकला प्रदर्शनी, कृषि प्रदर्शनी र प्रविधिको प्रदर्शनी तथा बिक्री वितरण, विभिन्न विधामा प्रतियोगितात्मक कार्यक्रमसहित सांस्कृतिक सांगितिक कार्यक्रम भएका थिए । मेलामा विविध सांस्कृतिक कार्यक्रम सहित लोक दोहोरी प्रतियोगिता, भ्वाइस अफ बुटवल, विद्यालयस्तरीय लोक दोहोरी प्रतियोगिता, माध्यमिक विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, भजन चुट्का प्रतियोगिता, ब्यूटि फियर, टिकटकलगायतका प्रतियोगिता गरिएको मेला कार्यसम्पादन समितिका सदस्य तथा प्रचारप्रसार उपसमितिका संयोजक दीपकप्रसाद चापागाईंले जानकारी दिए ।

**उत्कृष्ट स्टललाई नगद पुरस्कारसहित सम्मान**

मेलामा उत्कृष्ट स्टललाई सम्मानसहित नगद पुरस्कार गरिएको छ । संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका सदस्य उज्ज्वलप्रसाद कसजूको संयोजकत्वमा गठन गरिएको मूल्यांकन समितिले गरेको मूल्यांकनका आधारमा उनीहरुलाई सम्मानसहित पुरस्कृत गरिएको हो ।

मेलामा सहभागी स्टलमध्येबाट नेपाल सेरामिक इण्डष्ट्रिज प्रा.लि. प्रथम भएको छ । त्यस्तै गरी कोसेली मूर्तिकला उद्योग द्वितीय, कानुङ बचत तथा ऋण सहकारी संस्था तृतीय र दुर्गा नर्सरी एण्ड कृषि फर्म सान्त्वना भएका छन् । उनीहरुलाई क्रमशः २१ हजार १, १५ हजार १, १० हजार १ र ५ हजार १ रुपैयाँ नगद पुरस्कारसहित सम्मान पत्र प्रदान गरिएको छ ।

त्यसैगरी प्रविधितर्फ सूर्यछाप ढाका कपडा उद्योग, कृषितर्फ जैविक कफी तथा मसला प्रशोधन उद्योग अर्घाखाँची र हस्तकलातर्फ नेपाल क्राफ्ट उद्योग प्रथम भएका छन् । उनीहरुलाई संघका अध्यक्ष हरिप्रसाद अर्याल तथा पूर्वगृहमन्त्री बालकृष्ण खाँणलगायतले सम्मान पत्रसहित नगद पुरस्कार प्रदान गरेका हुन् । दर्शक पुस्तिका विमोचन गरिएको छ ।

## सहकारी...

जसमा चार्टर्ड एकाउन्टेन्ट, एकजना विज्ञ सदस्य र बैंकिङ वा सहकारी क्षेत्रमा १० वर्ष कार्यानुभव भएको व्यक्ति सदस्य हुने व्यवस्था ऐनले गरेको हो । प्राधिकरण अध्यक्ष र विज्ञ सदस्य नियुक्त गर्न लोकसेवा आयोग अध्यक्ष नेतृत्वमा पूर्वगभर्नर र विज्ञ सदस्य रहेको सिफारिस समिति गठन गर्ने व्यवस्था भएको छ ।

२. सहकारी दर्ता स्थानीय तहमा, मापदण्ड प्राधिकरणले बनाउने

ऐन संशोधनमार्फत् सहकारी संस्था दर्ता गर्ने अधिकार स्थानीय तहलाई मात्रै तोकिएको छ । यसअघि प्रदेश र संघीय सरकारले समेत सहकारी संस्था दर्ता गर्दै आएकोमा अब स्थानीय तहबाट मात्रै सहकारी दर्ता हुने भएको हो ।

३. कार्यक्षेत्र अनुसार बचतको सीमा तोक्ने

सहकारी ऐन संशोधनमार्फत् कार्यक्षेत्रअनुसार प्रतिव्यक्ति बचत सीमा तोक्ने व्यवस्था भएको हो । अब एक प्रदेशभन्दा धेरै कार्यक्षेत्र भएको सहकारीले प्रतिव्यक्ति बढीमा ५० लाख रुपैयाँसम्मको निक्षेप लिन पाउने भएको छ । यस्तै एक जिल्लाभन्दा धेरै कार्यक्षेत्र भएको सहकारी संस्थाले २५ लाख र बढीमा एक जिल्ला कार्यक्षेत्र रहेको सहकारी संस्थाले १० लाखसम्म मात्रै प्रतिव्यक्ति निक्षेप लिन सक्ने भएको छ । उक्त सीमाभन्दा धेरै बचत भएको अवस्थामा दुई वर्षभित्र सीमाभित्र ल्याउनुपर्नेछ ।

४. १० लाखभन्दा बढीको बचतमा स्रोत खुलाउनुपर्ने

सहकारीमा पनि १० लाखभन्दा बढीको निक्षेप राख्दा आम्दानीको स्रोत खुलाउनुपर्ने भएको छ । स्रोत नखुलेको रकम सहकारीले बचत स्वीकार गर्न पाउने छैन ।

५. १५ प्रतिशतभन्दा बढी सेयर लाभांश वितरणमा रोक

सहकारी संस्थाहरूले सेयर पुँजीको १८ प्रतिशतसम्म सेयर लाभांश वितरण गर्न सक्ने व्यवस्था संशोधन गर्दै १५ प्रतिशत सीमा तोकेको छ ।

६. सञ्चालकमा दुई कार्यकाल सीमा

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था सञ्चालक समितिमा एउटै व्यक्ति दुई कार्यकालभन्दा बढी सञ्चालक हुन नपाउने भएको छ । एउटै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थामा सञ्चालक हुन पनि रोक लगाएको छ ।

७. बैंककै कर्जा सूचना केन्द्रले सहकारीको काम गर्ने

अध्यादेशमार्फत नेपाल राष्ट्र बैंक ऐन संशोधन गर्दै सहकारी संस्थालाई पनि कर्जा सूचना केन्द्रमा आबद्ध गर्ने व्यवस्था भएको छ । कर्जा सूचना केन्द्रले सहकारी संस्थाले प्रवाह गरेको कर्जाको सूचना प्राप्त गर्ने, कर्जासम्बन्धी सूचना सदस्य सहकारीलाई उपलब्ध गराउने व्यवस्था भएको हो ।

८. सहकारीहरू विद्यमान निक्षेप तथा कर्जा सुरक्षण कोष सदस्य बन्नुपर्ने

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन संशोधनमार्फत् सहकारी संस्थाको बचत तथा कर्जा सुरक्षणको समेत कार्य गर्ने व्यवस्थाअगाडि बढाइएको छ । अब सहकारी संस्थाले पनि निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको सदस्यता लिनुपर्ने व्यवस्था भएको हो ।

९. समस्याग्रस्त घोषणा गर्न २५ प्रतिशत सदस्यको उजुरी चाहिने

सहकारी संस्था समस्याग्रस्त घोषणा गर्न कम्तीमा २५ प्रतिशत सदस्यको उजुरी आवश्यक पर्नेछ । यसअघि २५ सदस्यले बचत फिर्ता नभएको भनी रजिस्ट्रारकोमा उजुरी दिए छानबिन गरी समस्याग्रस्त घोषणा गर्न सिफारिस गर्न सक्ने व्यवस्था थियो । अब २५ प्रतिशत सेयर सदस्यको उजुरी आवश्यक पर्ने भएको छ । प्राधिकरणले नै समस्याग्रस्त सहकारी घोषणाका लागि सिफारिस गर्ने छ ।

१०. समस्याग्रस्त सहकारीका लागि छुट्टाछुट्टै विज्ञ टोली गठन

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त सहकारीका लागि छुट्टै विज्ञ टोली गठन गर्न सक्ने भएको छ । विज्ञटोलीको काम कर्तव्य र अधिकार टोली गठन हुँदा नै समितिले तोक्ने र हरेक समस्याग्रस्त सहकारीका लागि विज्ञटोली गठन गर्न सक्ने भएको हो ।

११. मिलापत्र हुन सक्ने

सहकारी ठगी मुद्दामा मिलापत्र हुन सक्ने गरी सहकारी ऐन संशोधन भएको हो । प्रतिवादीलाई कुनै अदालतमा चलेको बचतकर्ताको बचत रकम भुक्तानी दिन नसकेको वा बचत रकम हिनामिना गरेको वा सहकारी ठगी गरेको भनी दफा १३० बमोजिम मुद्दा दायर भई अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानुन बमोजिम मिलापत्र गर्न सकिने अन्य फौजदारी मुद्दामा सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकाले मिलापत्र गराइ पाउँ भनी निवेदन दिए मिलापत्र हुन सक्ने व्यवस्था भएको हो ।

तर, प्रचलित कानुन बमोजिम मिलापत्र हुन नसक्ने संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसुरसँग सम्बन्धित मुद्दामा मिलापत्र नहुने संशोधित व्यवस्थामा उल्लेख छ । मुद्दा मिलापत्र गर्दा प्रतिवादीको चलअचल सम्पत्ति रोक्का फुकुवा गर्नुपर्ने भए सो फुकुवासमेत गरी सम्बन्धित अदालतले मिलापत्र कार्यान्वयन गरिदिनुपर्ने व्यवस्था भएको हो ।

## सरकारलाई...

सरकारको बनेको पहिलो दिन नै २२ सदस्यीय मन्त्रिपरिषद् गठन, नेपाली कांग्रेस र एमालेका बिचमा राजनीतिक संयन्त्र गठन गरेर राजनीतिक स्थायित्वको विश्वास दिलाउने काम भएको ज्ञवालीले बताए ।

राजनीतिक संयन्त्रअन्तर्गत कार्यदल बनाएर सरकारले गर्नुपर्ने कामको ९ वटा क्षेत्रहरुमा प्रष्ट भएको ज्ञवालीले बताए ।

'संविधान संशोधन, संघीयताको कार्यान्वयन, संसदमा विचाराधीन विधेकयहरुछिटोटुंग्याउने,' ज्ञवालीले भने-'यी विषयहरुमा दुई दलकाबिचमा विश्वासको वातावरण बनाएर स्थिरताको विश्वास दिलाउन सकेको छ ।' राजश्व १७ प्रतिशत वृद्धि, लगानी वृद्धिलगायत देखिने कामहरु सरकारले गरेको पनि बैठकमा छलफल भएको ज्ञवालीले बताए ।

## राहदानी हराएको सूचना

मेरो निम्न व्यहोरा भएको राहदानी यही मिति २०८१।०७।१३ गते बुटवलदेखि भैरहवा जाँदै गर्दा हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला ।

नामः माधव प्रसाद घिमिरे
ठेगानाः- बुटवल, रुपन्देही
राहदानी नं.: १०८२७२९१
मोबाइल नं.:- ९८५७०३०६६१

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश,नेपाल
२०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८१/०९/१९**

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 15/KM/NCB/2081/82 | River Training work at different Location of Kerunge Khola, Ward No 1,4,5 | Sharada–Amit Sumit JV. Lipanimal–) 3 Bara,Nepal | १,८२,३८,४००.७२ | |
| 16/KM/NCB/2081/82 | Road Upgrading at kawasoti municipality 17 | हिमाल निर्माण सेवा एण्ड सप्लायर्स तमसरिया-४ नवलपरासी | ५०,९७,७२१.२९ | |

**प्रमुख प्रशासकीय अधिकृत**

# Madhyabindu Municipality
## Office of Municipal Executive
## Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)
Gandaki Province, Nepal

# Invitation for Bid

**First Date of publication: 2025-01-03**

1. Madhyabindu Municipality has own resources andSadak Board Nepal has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 06/NCB/MB/WORKS/2081/82 | Kusunde krishi sadak (Chauparikhanda), Arunkhola bhupuc howk dekhi madhyabindu 12 jane sadak, bhirkhetandi bhitri mul sadak | NCB-WORKS | 71,33,525.09 | 3000/- | 190,000.00 | 90 days/ 120 days after bid opening | 2025-02-02 12.00 | 2025-02-02 14.00 |

**Chief Administrative Officer**


## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

मदन भण्डारी गोल्डकप भलिबल :

# त्रिभुवन आर्मी र मणिमुकुन्द विजयी



बुटवल । बुटवलमा जारी मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ शिल्ड पुरुष भलिबल च्याम्पियनसिपमा बिहीबार त्रिभुवन आर्मी क्लब र मणिमुकुन्द भलिबल क्लब विजयी भएका छन् । आर्मीले गुजराँत प्रदेश भलिबल एशोसियसनलाई ३-१ को सेटमा र मणिमुकुन्दले रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रलाई ३-० को सोझो सेटमा पराजित गरेका हुन् ।

बुटवल १० स्थित रामनगर खेल मैदानमा भएको प्रतियोगिताको दोस्रो दिनको पहिलो खेलमा आर्मीले खेलको पहिलो सेट २२-२५ ले गुमाएको थियो ।

त्यसपछि दोस्रो सेट २९-२७ ले जित्यो भने तेस्रो र चौथो सेट २५-२१ र २५-२२ ले जित्यो ।

जेहान मल्लीकको नेतृत्वमा रहेको गुजराँतले खेलको सुरुवातबाटै ६-० ले अग्रता लिएर आर्मीका स्पाइकरलाई चल्न दिएका थिएनन् । तर आर्मीले पहिलो टाइम आउट लिएर मैदानमा उत्रेपछि खेलमा फर्केर नतिजा आफ्नो पक्षमा पार्न सफल भयो ।

आर्मीको दोस्रो खेल शनिबार गल्कोट भलिबल क्लबसँग हुने छ भने गुजराँत शुक्रबार नेपाल एपिएफ क्लबसँग खेल्नेछ । गल्कोटले ४ जना इरानी खेलाडी मैदानमा उतार्ने तयारी गरेको छ ।

# निलसागर सेवा आश्रमको भवन उद्घाटन



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले निलसागर सेवा आश्रमको नव निर्मित भवनको उद्घाटन गरेका छन् । राप्ती गाउँपालिका-८ मिलनडाँडामा सहयोगापेक्षीहरुको लागि नव निर्मित भवनको उद्घाटन गरेका हुन् ।

निलसागर सेवा आश्रमको भवन २ करोड २८ लाख ६१ हजारको लागतमा निर्माण सम्पन्न भएको जानकारी गराइएको छ । पहिलो र दोस्रो चरणमा भवन सम्पन्न भएको राप्ती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेवबहादुर वलीले जानकारी दिए । पहिलो चरणमा ७३ लाख र दोस्रो चरणमा एक करोड ३८ लाख ६१ हजारको लागतमा भवन निर्माण भएको जानकारी गराइएको हो । यो भवनको एक सय जना मानिसलाई सुरक्षितसाथ राख्न सक्ने क्षमता रहेको छ ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले मानवलाई सडकमा आउनुनपर्नेगरी घरपरिवार, समाज र राज्यले भूमिका निर्वाह गर्न आवश्यक रहेको बताए । अमानवीय व्यवहारकाकारण मानिसलाई घरबाट सडकमा पुर्‍याएको उल्लेख गर्दै उनले यसखाले समस्या समाधान गर्न चेतना अभिवृद्धिको अभियानलाई व्यापक बनाउन प्रदेश सरकारले साझेदारी गर्ने बताए । 'अमानवीय व्यवहारले मानिसलाई सडकमा पुर्‍याएको छ । यसखाले समस्या समाधानकालागि मानिसमा चेतना बढाउन जरुरी छ,' उनले भने-'आफ्नै सन्तानलाई सडकमा छाडेका घटना पनि छन् । मानिसले यस्तो कसरी गर्न सक्छ ? कारण खोजेर चेतना अभिवृद्धिकोलागि ध्यान दिन जरुरी छ ।'

संविधानले हरेक नागरिकलाई सम्मानपूर्वक बाच्न पाउने अधिकार सुनिश्चित गरेको र त्यसको कार्यान्वयन गर्ने दायित्व राज्यको भएको मुख्यमन्त्री आचार्यले बताए । 'संविधानले हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ । यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी तीन तहकै सरकारको हो । हामिले त्यो जिम्मेवारी निर्वाह गर्छौं,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेशलाई सडक मानव मुक्त बनाउने अभियानलाई निर्णायक बनाउन सबैको साथ सहयोगको खाँचो छ ।'

सरकार सबैको हो भन्ने महशुस गराउनेगरी काम भइरहेको, मानव कल्याणकोलागि निलसागर आश्रमले गरेको कामको उदाहरणीय भएको चर्चा गर्दै उनले आश्रममा स्वास्थ्यकर्मीको व्यवस्थापनकालागि प्रदेश सरकारले ध्यान दिने प्रतिबद्धता व्यक्त गरे । उनले आश्रमको नाममा बाँकेमा जग्गा प्राप्ती भएको खण्डमा भवन निर्माणकोलागि प्रदेश सरकारले साझेदारी गर्ने समेत विश्वास दिलाए । घर परिवारमा मनाउने उत्सवहरु समेत आश्रममा पुगेर मनाउन मुख्यमन्त्री आाचर्यले आह्वान समेत गरे । राप्ती गाउँपालिकाले भवन उद्घाटन कार्यक्रम आयोजना गरेको थियो । पालिका अध्यक्ष प्रकाश विष्टको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न भवन उद्घाटन कार्यक्रममा सभामुख तुलाराम घर्तीमगरले सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्ने जिम्मेवारी तीन तहकै सरकारको भएको बताए । कानुनी जटिलता फुकाउँदै मानव कल्याणका कामहरुलाई अघि बढाउन जरुरी रहेकोमा जोड दिए ।

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले संविधानले सुनिश्चित गरेका अधिकारलाई जनताले महशुस गर्नेगरी कार्यान्वयन प्रदेश सरकारले गरिरहेको बताए । प्रदेशसभा सदस्य इन्द्रजीत थारुले सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने जिम्मेवारी राज्यको भएको बताए । निलसागर सेवा आश्रमका संस्थापक अध्यक्ष सरिता खनालले मानव सेवाकालागि राज्य तहबाट सहयोग र सहकार्य हुँदा अभियानले थप व्यापकता पाउने बताइन् ।

# नन्दन नगर र नन्दनतालको संरक्षण थालनी



**गौरीशंर जयसवाल**

*परासी*

नवलपरासीको पाल्हीनन्दन गाउँपालिकामा रहेको ऐतिहासिक नन्दनताल संरक्षण र प्रवर्द्धन गर्न थालिएको छ । पाल्हीनन्दन गाउँपालिकाले जिल्लास्थित सरोकावालाहरूसँग बृहत् अन्तरक्रिया कार्यक्रम गरी नन्दन ताल र नन्दन नगरलाई संरक्षण र प्रवर्द्धन गर्न थालेको हो । नन्दन नगर र नन्दन ताल संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय क्षेत्र निर्माण गर्न लागिएको गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताले बताए । उनले नन्दन नगर नन्दताललाई संरक्षण गरी पर्यटक भित्र्याउन खालको योजनाको साथ पालिका लागिरहेको बताए । नन्दनताल अतिक्रमणमा परेकोले अतिक्रमण हटाई तालको डीपीआर बनाई संरक्षण गरी पर्यटकीय क्षेत्र बनाउने गुप्ताले जानकारी दिए । कति क्षेत्रफल अतिक्रमण भएको तथ्यांक यकिन गरी तालको संरक्षण गर्ने काम गर्न लागिएको गाउँ पालिकाले जनाएको छ । कार्यक्रममा सरोकारवालाहरूले तालको संरक्षण हुनुपर्नेमा जोड दिएका थिए ।

प्रतिनिधि सभा सदस्य एवं पूर्वकानुन मन्त्री धुब्रबहादुरले राज्यले प्रथामिकता दिएन भने अब स्थानीय तहले आठोट गरी लाग्नुपर्नेमा जोड दिए । स्थानीयलाई सचेत बनाउने र राजनीति दलहरू जिम्मेवार बन्नु जरुरी रहेको उनले बताए । नन्दनताललाई संरक्षण गरी पर्यटकीय क्षेत्र बनाउन सके यसक्षेत्रको आर्थिक विकासमा मद्दत पुग्ने उनले बताए । पूर्व गृहराज्यमन्त्री देबेन्द्रराज काण्डेलले नन्दन तालको विकास र संरक्षण गर्न सबै दलहरू यसमा लाग्नुपर्नेमा जोड दिए । उनले अवसरको रूपमा लिएर र यसमा कुनै पनि बहानाबाजी नगरी भन्ने तालको विकास हुन्छ भन्दै यसमा कठोर बनेर पालिका स्पष्ट रूपले लाग्नु र अगाडि बढ्न सुझाव दिए । लुम्बिनी प्रदेशसभा सदस्य बैजनाथ कलवारले नन्दनतालको संरक्षण प्रवर्द्धन र विकासमा सबै सरोकारवालाहरू एक जुट भएर लाग्न सकेमा यसको विकास हुने बताए ।

जिल्लाको हकुई र सनई गाउँको सिमानामा जोडिएको छ । सनई गाउँकै दक्षिण भागमा नन्दनतालको ८० बिगाहा क्षेत्रफलमा फैलिएको छ ।

ऐतिहासिक नन्दन तालको संरक्षण र विकासमा सम्बन्धित निकायले ध्यान नदिँदा तालको अस्तित्व नै मेटिने खतरामा छ । नेपालका तालहरुमध्ये तेश्रो स्थानमा पर्ने यो तालमा पहिला पानी भरि हुने गर्दथ्यो । तालमा विभिन्न प्रजातिका चराचुरुङ्गीहरु आउनुका साथै विभिन्न फूलहरु फूलेर सुन्दर भए पनि स्थानीयले नै मिच्दै जाँदा तालको अस्तित्व नै मेटिने अवस्थामा पुगेको छ । यसको अस्तिव नमेटिन दिनको लागि पाल्हीनन्दन गाउँपालिकाले संरक्षण, प्रवर्द्धन, विकास गर्न तत्परता देखाएको छ । ताल पनि संरक्षणको अभावमा अतिक्रमण भइरहेको छ । स्थानीयले यो ताल अतिक्रमण गरी खेत बनाएका छन् ।

# 'कृषि अनुदान दुरुपयोग हुने प्रवृत्ति बढ्दै'



बुटवल । नेपाल किसान महासंघ अध्यक्ष गणेशचन्द्र तिमिल्सिनाले किसानलाई दिने अनुदान दुरुपयोग हुने प्रवृत्ति बढ्दै गएको बताएका छन् । उनले बिचौलियाको हातमा अनुदान जानबाट रोक्न आफूहरुले कडा कदम चाल्ने दाबी गरे । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल किसान महासङ्घका अध्यक्ष तिमिल्सिनाले सरकारी अनुदान लिएर दुरुपयोग गर्नेहरुको खोजी गर्नुपर्ने बताए ।

बिहीबार बुटवलमा पत्रकारहरुसँगको साक्षात्कार कार्यक्रममा राष्ट्रिय किसान सञ्जालका अध्यक्षसमेत रहेका तिमिल्सिनाले अनुदान लिनेहरुको तथ्याङ्क खोजेर आम समुदायमाझ सार्वजनिक गर्ने चेतावनी पनि दिए । अध्यक्ष तिमिल्सिनाले भने-"किसानको हक अधिकारवरुद्ध कुनै पनि सरकारसँग पनि साँठगाँठ गर्दिन, मेरो आफ्नै पार्टीको सरकार हुँदा किसानको हक अधिकारविरुद्ध मैले कुनै सम्झौता गरेको छैन ।" उनले किसानको अधिकार हनन भए जुनसुकै प्रतिरोध गर्न पनि तयार रहेको दाबी गरे ।

सञ्जालको अध्यक्ष भएपछि आफूले किसानलाई धानको मूल्य दिलाएको, कालिमाटी तरकारी तथा फलफूल बजारलाई व्यवस्थित बनाएको समेत उनले जिकिर गरे ।

उनले लम्पीस्किनबाट पीडित किसानलाई राहत दिन क्षतिपूर्ति र बिमाको लागि लडेको, किसानले पाउने दूध र उखुको मूल्यको लागि कडा सङ्घर्ष गरेको उल्लेख गरे । किसान महासङ्घका अध्यक्ष तिमिल्सिनाले आन्दोलन र दबाबको नाममा कृषि उत्पादन सडकमा नफाल्न किसानलाई आग्रह गरे ।

बिक्री नभएमा गरिब र विपन्न परिवारलाई दिन अनुरोध गर्दै उनले बढ्दो रासायनिक र विषादी प्रयोगले धेरै नागरिकहरुमा क्यान्सर जस्तो घातक रोगको संख्या बढ्दै गएकाले राज्यले समयमै जिम्मेवार भएर नियन्त्रण गर्न सुझाव दिए । उनले कृषिमा यान्त्रिकरण गरेर युवा पलायनलाई रोक्न विदेशको नीतिभन्दा देशको भूगोलको अवस्था अध्ययन गरेर कृषि नीति बनाएर रोक्नतर्फ सम्बन्धित मन्त्रालयले ध्यान दिनुपर्नेमा जोड दिए । तिमिल्सिनाले किसान महासंघको महाधिवेशन जुनसुकै अवस्थामा पनि गर्न आफू तयार रहेको बताउँदै नेपाली कांग्रेसले अधिवेशन गर्न भनेमा आजको ३०-३५ दिनभित्र अधिवेशन गर्न आफू तयार रहेको बताए । महासङ्घ र राष्ट्रिय किसान सञ्जालको आफूले नेतृत्व गरिसकेकाले पदको लोभ नभएको भन्दै पदको लोभमा कार्यकाल नलम्ब्याउने तिमिल्सिनाको भनाइ छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
बिगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा बिदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com